राजनीतिक परिवेश विश्लेषण

# राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशन

## नीति, प्रतिनिधि, नेतृत्व र सन्देश

अङ्क २२ | साउन २०८३




DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशन

## नीति, प्रतिनिधि, नेतृत्व र सन्देश

अङ्क २२ | साउन २०८३

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल

राजनीतिक परिवेश विश्लेषण

# राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशन

## नीति, प्रतिनिधि, नेतृत्व र सन्देश

अङ्क २२ | साउन २०८३

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

सर्वाधिकार © डीआरसीएन

# विषयसूची

**१. परिचय** १
**२. तदर्थदेखि वैधानिक संरचनासम्म** २
**३. महाधिवेशन प्रक्रिया र प्रतिनिधित्व** ४
३.१ प्रतिनिधि विवाद र ढिलाइ ४
३.२ निर्वाचन आचारसंहिता ६
३.३ निर्वाचन प्रक्रिया र परिणाम ८
३.४ रास्वपामा समावेशी ढाँचा ११
३.५ समायोजनको चुनौती १४
**४. नीतिगत बहस र आत्मसमीक्षा** १६
४.१ संवैधानिक समाजवादबाट सामाजिक लोकतन्त्रसम्म १६
४.२ सङ्गठनात्मक आत्मसमीक्षा १८
४.३ आन्तरिक लोकतन्त्रको सङ्कट २०
**५. विधानमा के छ ?** २१
५.१ खुम्चियो साधारण सदस्यको अधिकार २१
५.२ अधिकारको केन्द्रमा सभापति २२
**६. निष्कर्ष** २५

# १. परिचय

प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ को पूर्वसन्ध्यामा गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले चार वर्षपछि असार ७–१२, २०८३ मा प्रथम राष्ट्रिय महाधिवेशन गऱ्यो । सानो समूहबाट सुरु भएको यो दल २०८२ को प्रतिनिधिसभा सदस्य निर्वाचनसम्म आइपुग्दा सबैभन्दा ठूलो दल बन्यो । पुराना राजनीतिक दलको नेतृत्व र कार्यशैलीमाथि प्रश्न गर्दै विकल्पमा आफूलाई उभ्याएको यो दल आफैले भने लामो समयसम्म महाधिवेशन नै नगरेको भन्ने आरोप खेपिरहेको थियो । अर्कातिर, यस दलमा विभिन्न समूह गाभिएकाले साझा नीति बनाउनुपर्ने आवश्यकता पनि थियो । यही पृष्ठभूमिमा यस दलले पहिलो महाधिवेशन गरेको हो ।

रास्वपाको महाधिवेशनमा प्रतिनिधित्व, नीति निर्माण, निर्वाचन र परिणामका विविध आयामबारे यस राजनीतिक परिवेश विश्लेषणले चर्चा गरेको छ । यसका लागि महाधिवेशन प्रत्यक्ष अवलोकन गर्नुका साथै रास्वपाका नेता, कार्यकर्ता, शुभेच्छुक, पत्रकार, महाधिवेशन प्रतिनिधि र राजनीतिक विश्लेषकसँग कुराकानी गरिएको थियो । साथै, पूर्व-प्रकाशित सामग्री पनि यस विश्लेषणका लागि प्रयोग  गरिएको थियो ।

# २. तदर्थदेखि वैधानिक संरचनासम्म

टेलिभिजन पत्रकारितामा सक्रिय रवि लामिछानेले असार ७, २०७९ मा काठमाडौँमा रास्वपा गठन भएको घोषणा गरे। पुराना दल र तिनका नेताप्रति बढेको असन्तुष्टि र वैशाख २०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारको विजय लहरको पृष्ठभूमिमा रास्वपा जन्मिएको हो।[1] स्थापनाको पाँच महिनामै प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ मा २० सिट जित्दै यो चौथो ठूलो दल बनेको थियो।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का पुष्पकमल दाहाल नेतृत्वको सरकारमा रास्वपा सभापति लामिछाने उपप्रधानमन्त्री तथा गृहमन्त्री बने। तर, उनी एकपछि अर्को विवादमा तानिए। अमेरिकी नागरिकता खारेज नै नभई पुरानै नेपाली नागरिकता प्रयोग गरी प्रतिनिधिसभा सदस्य बनेको र दोहोरो पासपोर्ट बोकेको आरोप उनलाई लाग्यो।[2] सर्वोच्च अदालतले नागरिकता खारेज गरेपछि उनको सांसद र मन्त्री पद त गयो नै, दल पनि मन्त्रिपरिषद्बाट बाहिरियो।[3] वैशाख १०, २०८० मा भएको उपनिर्वाचनमा चितवन क्षेत्र नं. २ बाट लामिछाने पुनः निर्वाचित भए। उक्त उपनिर्वाचनबाटै तनहुँमा थप १ सिट जितेर रास्वपाले संसद्मा २१ सिट पुऱ्यायो र पुनः सरकारमा फर्कियो। तर सत्ता गठबन्धन नै फेरिएपछि सरकारबाट पुनः बाहिरियो।

त्यसपछि पनि लामिछाने सहकारीको रकम अपचलनको विवादमा तानिए र पक्राउ परे। काठमाडौँको कमलादीमा असोज १–२, २०८१ मा सम्पन्न रास्वपाको पहिलो राष्ट्रिय भेलाले

---

[1] २०७९ सालको स्थानीय तह निर्वाचनमा धरानमा हर्कराज राई, काठमाडौँमा बालेन्द्र शाह र धनगढीमा गोपाल हमाल स्वतन्त्र उम्मेदवार बनी नगरप्रमुख भएपछि नेपालको राजनीतिमा वैकल्पिक लहर आएको थियो।

[2] कान्तिपुर। २०७९। रवि लामिछानेको दोहोरो राहदानी प्रकरण : सरकारी वकिलको कार्यालयले मगायो कागजात। माघ २६। https://ekantipur.com/news/2023/02/09/167592951376157810.html मा उपलब्ध; असार २५, २०८३ मा हेरिएको।

[3] उकेरा। २०७९। गृहमन्त्री रविको नागरिकता अवैध; मन्त्री, सांसद र सभापति पद गयो। माघ १३। www.ukeraa.com/news/2023/01/27/28929/ मा उपलब्ध; असार २५, २०८३ मा हेरिएको।

वैशाख २५–२७, २०८२ मा पहिलो राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको थियो ।[४] तर, बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा चैत २२, २०८१ मा उच्च अदालत तुलसीपुरको बुटवल इजलासले सभापति लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने फैसला गरेपछि तोकिएको मितिमा महाधिवेशन हुन सकेन ।

भदौ २३ र २४, २०८२ मा भ्रष्टाचार र कुशासन अन्त्य, नेतृत्वमा पुस्तान्तरण र सामाजिक सञ्जाल बन्दको विरोध गर्दै जेन-जी समूहले आन्दोलन घोषणा गरे । जेलबाटै लामिछाने र बाहिर रास्वपाका अन्य नेताले त्यसमा ऐक्यबद्धता जनाए । काठमाडौँ महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र शाहले पनि समर्थन गरे । आन्दोलनपछि केपी ओली नेतृत्वको सरकार ढल्यो र पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । फागुन २१, २०८२ मा घोषित निर्वाचनको पूर्वसन्ध्यामा बालेन्द्र शाहको समूह रास्वपामा जोडिन आइपुग्यो । यसअघि नै विवेकशील साझा पार्टी रास्वपामा गाभिइसकेको थियो । त्यसका अलावा लक्ष्मण थारूको नेतृत्वमा थरूहट आन्दोलनका एक समूहका साथै पुराना दलबाट थुप्रै व्यक्ति भित्र्याएर प्रतिनिधिसभा निर्वाचनमा होमिएको रास्वपाले करिब दुई तिहाइ सिट जित्यो ।

---

[४] सेतोपाटी । २०८१ । रास्वपाले घोषणा गऱ्यो पहिलो महाधिवेशन मिति । असोज २ । www.setopati.com/politics/339559 मा उपलब्ध; असार ३०, २०८३ मा हेरिएको ।

## ३. महाधिवेशन प्रक्रिया र प्रतिनिधित्व

सत्तारूढ र संसद्को सबैभन्दा ठूलो दल हुनाले रास्वपाको पहिलो महाधिवेशन धेरैको चासो बनेको थियो । नेतृत्व, नीति र विभिन्न समूहको व्यवस्थापन प्रस्ट हुने भएकाले पनि यस महाधिवेशनको महत्त्व धेरै थियो । सभापतिमा रवि लामिछानेको नेतृत्व सर्वसम्मत नै हुने अपेक्षा गरिए पनि प्रधानमन्त्री एवं वरिष्ठ नेता बालेन्द्र शाहसँग उनको शक्ति सन्तुलन कस्तो रहन्छ भन्ने जिज्ञासाले पनि चासो बढाएको थियो ।

### *३.१ प्रतिनिधि विवाद र ढिलाइ*

जेठ ३०, २०८३ मा बसेको केन्द्रीय समितिको बैठकले स्थापना दिवस पारेर असार ७ देखि ९, २०८३ मा चितवनमा पहिलो महाधिवेशन गर्ने घोषणा गरेको थियो । तर महाधिवेशनका लागि चितवनमा आफ्ना प्रतिनिधि डाक्दै गर्दा प्रदेश र स्थानीय तहमा केही अधिवेशन बाँकी नै थिए । मधेस प्रदेशमा प्रतिनिधि छनोट र नेतृत्व चयनमा विवाद भएपछि पर्सा जिल्लाबाहेक अन्य सात जिल्लामा अधिवेशन हुन सकेन । त्यसैकारण मधेस प्रदेश अधिवेशन स्थगित गरियो ।[५] देशभरिका ६,७४३ मध्ये ४,३६३ वडा, ७५३ मध्ये ६०९ पालिका र ७७ मध्ये ६४ जिल्लामा मात्र अधिवेशन सम्पन्न भएको थियो ।[६] अधिवेशन नभएका स्थानमा त्यहाँका तदर्थ समितिले नै महाधिवेशन प्रतिनिधि छनोट गरी पठाएका थिए । त्यसबाहेक रास्वपामा गाभिएका विभिन्न समूहलाई समायोजन गर्न तिनलाई पनि प्रतिनिधि बनाउँदा रास्वपाको पहिलो महाधिवेशन अस्तव्यस्त बनेको थियो ।

---

[५] महरा, जयसिंह । २०८३ । रास्वपा प्रदेश अधिवेशन : चारमा सम्पन्न, दुईमा हुँदै, मधेशमा अनिश्चित । *कान्तिपुर*, असार १ । https://ekantipur.com/politics/2026/06/15/rsp-provincial-convention-completed-in-four-ongoing-in-two-uncertain-in-madhesh-59-11.html मा उपलब्ध; असार २१, २०८३ मा हेरिएको ।

[६] हुम्ला, डोल्पा, रुकुम पूर्व, मनाङ, मुस्ताङ, धनुषा, बारा र सर्लाही जिल्लामा अधिवेशन गर्न बाँकी रहेको महामन्त्री कविन्द्र बुर्लाकोटीले महाधिवेशनमा पेश गरेको सङ्गठनात्मक प्रतिवेदनमा उल्लेख छ ।

असार ७ गते उद्घाटन समारोह, असार ८ गते बन्द सत्र र सोही दिन निर्वाचन गरी असार ९ गते नतिजासहित महाधिवेशन समापन हुने कार्यतालिका थियो । तर बन्द सत्र सुरु हुनुअघि नै प्रतिनिधि छनोटको विवाद सतहमा आइसकेको थियो र माहौल तनावग्रस्त देखिन्थ्यो । रास्वपा निर्वाचन समितिको कार्यालयमा आफ्नो नाम छुटेको गुनासो र आक्रोशसहित विभिन्न जिल्लाबाट आएका प्रतिनिधिको ठूलो भिड महाधिवेशनको तेस्रो दिन (असार ९ गते) सम्म देखिएको थियो । उद्घाटन समारोहमा रास्वपाबारे वरिष्ठ नेता बालेन्द्र शाहले भनेका थिए, "हामी एक्सप्रेस गाडी हौँ । कहीँ कतै रोकिँदैन । महाधिवेशन समयमै सक्काएर देश विकासमा लाग्नुपर्छ ।" तर महाधिवेशनको अस्तव्यस्त व्यवस्थापन र तोकिएकोभन्दा दुई दिन पछि धकेलिएको कार्यतालिकाले एक्सप्रेस गाडीको सङ्केत गर्दैनथे ।

प्रतिनिधिको प्रारम्भिक सूचीमा दाबी विरोधका अनेकौँ उजुरी परे । सबैभन्दा ठूलो विवाद मधेस प्रदेशको प्रतिनिधिबारे भएको थियो । कतिपय छानिएका प्रतिनिधिको नाम सूचीमै नदेखिएको, फरक व्यक्ति सूचीमा परेको जस्ता गुनासोका कारण रुजु गर्न नै धेरै समय लाग्यो । प्रतिनिधि विवाद यतिसम्म जटिल बन्यो कि कुल प्रतिनिधि सङ्ख्या हाल (२०८३ साउन मसान्त) सम्म रास्वपाले आफ्नो वेबसाइटमा सार्वजनिक गर्न सकेको छैन । प्रतिनिधि घटबढका सूचना महाधिवेशन सकिँदासम्म आइरहे । सात प्रदेशमा पाँच प्रदेशको प्रतिनिधि सार्वजनिक गरे पनि गण्डकी र बागमती प्रदेशको प्रतिनिधि सङ्ख्या सार्वजनिक भएको छैन । यद्यपि रास्वपाका महामन्त्री विपिन आचार्यका अनुसार ३,८४९ जना महाधिवेशनका कुल प्रतिनिधि हुन् ।[७]

बन्द सत्रमा भएको ढिलाइका कारण प्रतिनिधिमा निराशासँगै आक्रोश पनि देखिएको थियो । कार्यक्रम स्थलमा खानाको व्यवस्था भए पनि आवासको व्यवस्था नहुँदा र कार्यक्रम लम्बिँदै जाँदा असहज भएको गुनासो तिनले गरेका थिए । स्थापना कालदेखि नै रास्वपामा आबद्ध एक प्रतिनिधिले भने, "नयाँ दलको पहिलो महाधिवेशन अन्यभन्दा व्यवस्थित र नयाँ ढङ्गले सम्पन्न गरेर नयाँ नजिर राख्नुपर्ने हो । तर त्यसो हुन सकेन । कार्यक्रम सुरु भइसक्दा पनि प्रतिनिधि छनोट नहुनु व्यवस्थापकीय कमजोरीका साथै संस्थागत कमजोरी पनि हो ।"[८]

दलमा पछिल्लो समय समायोजित विभिन्न पक्षलाई प्रतिनिधित्व कसरी गराउने भन्ने चुनौतीले पनि प्रतिनिधिसम्बन्धी विवाद जटिल बनेको थियो । रास्वपाका केन्द्रीय सदस्य खगेन्द्र सुनारले ठूलो दल भएकाले यसमा जोडिन खोज्ने धेरै छन् र सबैलाई मिलाएर लैजाँदा

[७] आचार्यसँग साउन २६, २०८३ मा गरिएको कुराकानी ।

[८] ती प्रतिनिधिसँग असार ८, २०८३ मा गरिएको कुराकानी ।

समय लाग्नु स्वाभाविकै हो भन्ने धारणा व्यक्त गरे । उनले थपे, "समयमै गर्ने भन्दैमा कसैको चित्त दुखाएर अघि बढ्ने कुरा हुँदैन । सबैलाई खुशी बनाएर अघि बढ्नुपर्छ ।"[९]

रास्वपाले महाधिवेशनलाई व्यवस्थित र सफलतापूर्वक सम्पन्न गर्न विभिन्न तयारी गरेकै पनि थियो । मिति तय भएसँगै दलले विभिन्न चरणमा सदस्यता वितरण तथा नवीकरण, प्रतिनिधि छनोट, आचारसंहिता निर्माण आदि गरेको थियो । १८ उपसमिति गठन गरेर व्यवस्थापन चुस्त बनाउन खोजिएको थियो । तर यी सबै प्रयास गरिए पनि महाधिवेशन प्रक्रियामा प्रशस्तै कमजोरी देखिए ।

## *३.२ निर्वाचन आचारसंहिता*

स्वच्छ, निष्पक्ष र पारदर्शी निर्वाचन गर्ने उद्देश्यले रास्वपा केन्द्रीय निर्वाचन आयोगले 'राष्ट्रिय महाधिवेशन निर्वाचन आचारसंहिता २०८३' जारी गरेको थियो । उक्त आचारसंहिताको बुँदा १ का सुरुका तीन प्रावधान भने प्रतिनिधि र नेता समेतले पालना गरेको देखिएन । आचारसंहितामा उम्मेदवारले सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गर्न नपाइने, महाधिवेशन स्थल वरपर पर्चा, ब्यानर, फ्लेक्स वा अन्य प्रचार सामग्री वितरण वा प्रदर्शन गर्न नपाइने उल्लेख छ । आचारसंहिताले निर्वाचन व्यक्तिगत प्रतिस्पर्धामा आधारित हुने जनाउँदै कुनै प्यानल, गठबन्धन, संयुक्त सूची वा समूहगत प्रचारप्रसार निषेध गरेको थियो । यो पालना नगर्नेलाई केन्द्रीय निर्वाचन आयोग वा तोकिएको समितिले कसुरको गम्भीरता हेरी स्पष्टीकरण सोध्नेदेखि उम्मेदवारी खारेजी गर्नेसम्मको व्यवस्था छ ।

तर प्रतिनिधिको टुङ्गो नलाग्दै प्रचार सुरु भइसकेको थियो । भिजिटिङ कार्ड, स-साना ब्यानर तथा सामाजिक सञ्जालमार्फत उम्मेदवारले आफ्नो प्रचार गरेका थिए । केन्द्रीय सदस्यका उम्मेदवार आनन्दबहादुर चन्दले बोतलमा आफ्नो नाम छापिएको पानी निःशुल्क वितरण गरेका थिए । उनको प्रचार शैलीबारे अन्य प्रतिनिधिले भने विरोध जनाएका थिए ।

उद्घाटन समारोहमै वरिष्ठ नेता र सभापति दुवैले गुटगत अभ्यासलाई प्रश्रय नदिने बताएका थिए । सभापति लामिछानेले त अरूका लागि भोट मागिदिने व्यक्ति सच्चा रास्वपा नहुने समेत भनेका थिए । तर व्यवहारमा यस्तो देखिएन । केन्द्रीय सदस्यको परिणाम सार्वजनिक भएसँगै महामन्त्रीमा ११ जना आकाङ्क्षी देखिए । प्रतिस्पर्धालाई महत्त्व दिने भनेर दस्तावेज र भाषणमा भनिए पनि सभापति लामिछाने पदाधिकारीका सबै पदलाई सर्वसम्मत बनाउन

[९] सुनारसँग असार ९, २०८३ मा गरिएको कुराकानी ।

अन्तिम घडीसम्म प्रयासरत थिए ।[१०] अन्य दलको गुटगत अभ्यासलाई हियाउँदै आएको रास्वपाकै पहिलो महाधिवेशनमा गुटको झल्को दिने अभ्यास देखियो । महामन्त्रीका उम्मेदवार रन्जु दर्शना, कविन्द्र बुर्लाकोटी, प्रमोद न्यौपाने, गणेश पराजुली लगायतले विपिनकुमार आचार्यलाई समर्थन गर्दै आफ्नो उम्मेदवारी फिर्ता लिए ।[११] उनीहरूले आचार्यलाई गरेको खुला समर्थनले महाधिवेशन स्थल तरङ्गित बनेको थियो । यस्तो समर्थन दलको नीतिविपरीत भएको भनी अन्य उम्मेदवारले विरोधसमेत गरेका थिए । महामन्त्रीका उम्मेदवार मनिष झाले यस्तो अभ्यास रोक्न महाधिवेशन स्थलबाटै सभापति लामिछानेलाई अनुरोधसमेत गरेका थिए । स्वतन्त्र निर्वाचनमा यस्तो खुला समर्थनले प्रभाव पर्ने महामन्त्रीका उम्मेदवार तथा केन्द्रीय सदस्य गणेश कार्कीको तर्क थियो ।[१२] उनले यो सही अभ्यास नभएको बताए ।

यसका अलावा महाधिवेशनमा बालेन्द्र शाह पक्षले आफ्नो छुट्टै सूची बनाएर बाँडेको पनि सञ्चार माध्यमले दाबी गरेको पाइयो । *कान्तिपुर*ले असार ११, २०८३ मा अज्ञात पक्षले बाँडेको भन्दै उम्मेदवारको सूची नै प्रकाशित गरेको थियो र सँगै बालेन्द्र शाह पक्षका उम्मेदवार पनि भएको दाबी गरेको थियो ।[१३] *सेतापाटी*ले साउन १२, २०८३ मा बालेन्द्र शाह पक्षबाट उनका प्रमुख सल्लाहकार कुमार बेनले सूची बाँडेको सोही पक्षका नेताले पुष्टि गरेको समाचार प्रकाशित गरेको थियो ।[१४] यी दृष्टान्तले रास्वपाको महाधिवेशन पनि गुटमुक्त थिएन भन्ने देखाएका छन् ।

---

[१०] रातोपाटी । २०८३ । पदाधिकारीमा सहमति जुटाउने रातभरको प्रयास असफल, निर्वाचन प्रक्रिया अघि बढाउने तयारी । असार १२ । www.ratopati.com/story/573043/rsvp-general-convention-overnight-efforts-to-reach-consensus-among-office-bearers-fail-preparations-to-move-forward-with-election-process मा उपलब्ध; असार ३०, २०८३ मा हेरिएको ।

[११] रातोपाटी । २०८३ । पाँच नेताको समर्थनले महामन्त्रीमा विपिनको पल्ला भारी । असार १२ । www.ratopati.com/story/573113/bipins-position-as-general-secretary-is-heavily-influenced-by-the-support-of-five-leaders मा उपलब्ध; असार ३०, २०८३ मा हेरिएको ।

[१२] कार्कीसँग असार १८, २०८३ मा गरिएको कुराकानी ।

[१३] पोखरेल, गौरव । २०८३ । रास्वपाको महाधिवेशन व्यवस्थापन गन्जागोल । *कान्तिपुर*, असार ११ । https://ekantipur.com/politics/2026/06/25/rsp-general-convention-candidates-dissatisfied-with-secret-list-and-serial-number-of-voting-machines-25-10.html मा उपलब्ध; साउन १३, २०८३ मा हेरिएको ।

[१४] शर्मा, शोभा । २०८३ । महामन्त्रीमा उम्मेदवारीले रवि पक्ष असन्तुष्ट, विधान संशोधनले बालेन समूह सशंकित । *सेतोपाटी,* साउन १२ । www.setopati.com/politics/394563 मा उपलब्ध; साउन १३, २०८३ मा हेरिएको ।

## ३.३ *निर्वाचन प्रक्रिया र परिणाम*

राष्ट्रिय महाधिवेशनमा विधान संशोधन गरेर रास्वपाले आफ्नो संरचना बदलेको थियो । त्यसपछि पदाधिकारी सङ्ख्या १२ बाट १८ र केन्द्रीय सदस्य सङ्ख्या १२९ बाट १५८ पुग्यो । नयाँ व्यवस्थाअनुसार १८ पदाधिकारीमध्ये सात पदका लागि निर्वाचनमार्फत र बाँकी ११ पदाधिकारी सभापतिको मनोनयनमार्फत आउँछन् । तीन उपसभापतिमध्ये एक, दुई महामन्त्रीमध्ये एक, पाँच सहमहामन्त्रीमध्ये दुई, एक प्रवक्ता, तीन सहप्रवक्ता, एक कोषाध्यक्ष र दुई सहकोषाध्यक्ष सभापतिले मनोनयन गर्छन् । त्यस्तै, सभापति सहितको १५८ जनाको केन्द्रीय समितिमा सात प्रदेशका सभापति पदेन सदस्य हुने र सभापतिले ५१ जना केन्द्रीय सदस्य मनोनित गर्ने व्यवस्था छ ।

महाधिवेशनमा ९९ केन्द्रीय सदस्यका लागि ३७९ जनाले उम्मेदवारी दिएका थिए । केन्द्रीय सदस्यको उम्मेदवार हुन २१ जना समर्थक, एक प्रस्तावक र रू. २१ हजार शुल्क चाहिन्थ्यो । रास्वपा केन्द्रीय निर्वाचन आयोग उपप्रमुख राम गुरुङले दलको चन्दा नलिने नीतिका कारण २१ हजार शुल्क तोकिएको बताए ।[१५] यो शुल्कले विशेषतः युवा, महिला र सीमान्तकृत समुदायका व्यक्तिलाई अवरोध खडा गर्ने देखिन्छ नि भन्ने डीआरसीएनको प्रश्नमा उनले २१ हजार रूपैयाँलाई धेरै भन्न नमिल्ने र रास्वपाका प्रतिनिधिले यसलाई धान्न सक्ने बताए । महामन्त्रीका उम्मेदवार गणेश कार्कीले भने शुल्क बुझाउन नसक्नेले आफूले प्रतिनिधित्व गरेको समितिले सिफारिस गरेमा निःशुल्क हुने व्यवस्था पनि रहेको बताए ।[१६] केन्द्रीय सदस्यको निर्वाचनमा ७६.६७ प्रतिशत प्रतिनिधिले मत हालेका थिए ।[१७] महाधिवेशनको समय लम्बिएपछि केही प्रतिनिधि मत नहाली फर्किएका थिए ।

इलेक्ट्रोनिक भोटिङ मेसिनमा उम्मेदवारको क्रम सङ्ख्यामा समेत उम्मेदवार र तिनका प्रतिनिधिले प्रश्न उठाएका थिए । महामन्त्रीका उम्मेदवार कार्कीले आफ्नो सामाजिक सञ्जालमा "खुला तर्फको १३३ नम्बरमा मेरो नाम रहेछ । प्रारम्भिक सूचीमा मभन्दा तल दर्ता भएकाहरूको नाम मेरोभन्दा माथि कसरी भयो ? मेरोभन्दा पहिले दर्ता गरेकाहरू मभन्दा तल कसरी पुगे ? के आधारमा भोटिङ मेसिनमा नामको स्थान तोकियो ? प्रश्न छन् ।" भनेर लेखेका

---

[१५] गुरुङसँग असार ९, २०८३ मा गरिएको कुराकानी ।

[१६] कार्कीसँग असार १८, २०८३ मा गरिएको कुराकानी ।

[१७] महरा, जयसिंह । २०८३ । रास्वपा केन्द्रीय सदस्य पदको निर्वाचनमा ७६.६७ प्रतिशत मत खस्यो । *कान्तिपुर,* असार ११ । https://ekantipur.com/politics/2026/06/25/7667-percent-vote-in-election-for-rsvp-central-member-57-12.html मा उपलब्ध; असार ३१, २०८३ मा हेरिएको ।

थिए ।[१८] रास्वपाका केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार जसले जति नम्बरमा दर्ता गरेको हो, त्यहीअनुसार क्रमसङ्ख्या राखिएको थियो ।[१९] तर उनको दाबीलाई कार्कीको प्रश्नले फितलो बनाइदिएको थियो ।

**एक व्यक्ति एक पद : तलको बहस माथि आएन**

सांसद र सहमहामन्त्री दुवै पद पूर्णकालीन भएको र एक व्यक्तिबाट एकसाथ दुवै काम हुन नसक्ने भन्दै सुमना श्रेष्ठले सहमहामन्त्री पदबाट चैत्र १८, २०८१ मा राजीनामा दिएपछि रास्वपामा 'एक व्यक्ति एक पद' को बहस सतहमा आएको थियो ।[२०] उक्त विषय यो महाधिवेशनका क्रममा पुनः चर्चामा आयो । तर, श्रेष्ठको राजीनामा केवल अपवाद भएझैँ, अहिले पनि यो चर्चा केवल चियागफ र कार्यकर्ताको असन्तुष्टिकै तहमा मात्र रह्यो । प्रदेश र जिल्ला अधिवेशनमा 'एक व्यक्ति एक पद' एजेन्डा बन्न खोजे पनि त्यो संस्थागत भने हुन सकेन । राष्ट्रिय महाधिवेशनमा पनि यसबारे कुनै औपचारिक छलफल भएन । डीआरसीएनले कुराकानी गरेका केही प्रतिनिधिले पनि 'एक व्यक्ति एक पद' हुन नसकेकोमा असन्तुष्टि व्यक्त गरे । रुकुमपूर्वका एक प्रतिनिधिले भने, "अन्य दलमा अवसर नपाएर हामी यता आयौँ । तर यहाँ पनि सांसदहरू नै दलका पदमा आकाङ्क्षी हुँदा अन्यले अवसर पाउने सम्भावना कमजोर बनेको छ ।"[२१]

सांसदले दलीय समितिमा ठाउँ खोज्न नहुने विषय प्रदेश अधिवेशनमा प्रखर रूपमा उठेको थियो । प्रदेश समितिको अधिवेशनमा सुनसरी क्षेत्र नं. १ मा पराजित उम्मेदवार सरिन तामाङले सांसदहरूलाई प्यानल नबनाउन र कसैका लागि मत नमाग्न चुनौती दिएको भिडियो

---

[१८] कार्कीको असार ११, २०८३ को फेसबुक स्टाटस । www.facebook.com/ganess.karki/posts/pfbid02ejwcvmoEcsfcisPFNY1Ps24Bh93bQF95kGL9RewWZEysxeQKk8fjyohe9mZYBYdMl मा उपलब्ध; साउन १३, २०८३ मा हेरिएको ।

[१९] पोखरेल, गौरव । २०८३ । रास्वपाको महाधिवेशन व्यवस्थापन गन्जागोल । *कान्तिपुर*, असार ११ । https://ekantipur.com/politics/2026/06/25/rsp-general-convention-candidates-dissatisfied-with-secret-list-and-serial-number-of-voting-machines-25-10.html मा उपलब्ध; साउन १३, २०८३ मा हेरिएको ।

[२०] नागरिक । २०८२ । सुमना 'एक व्यक्ति, एक पद' भन्दै राजीनामा दिने, रास्वपा दोहोरो जिम्मेवारी हुने गरी इन्चार्ज तोक्ने । वैशाख ४ । https://nagariknews.nagariknetwork.com/politics/1472441-1744903723.html मा उपलब्ध; असार ३०, २०८३ मा हेरिएको ।

[२१] ती प्रतिनिधिसँग असार ८, २०८३ मा गरिएको कुराकानी ।

सार्वजनिक भएको थियो ।[२२] अनलाइन मिडिया *सिधाकुरा*का सम्पादक अक्षर काकाले प्रदेशमा एक व्यक्ति एक पद भनेर सांसदलाई हराइएको उदाहरण दिँदै भने, "तर केन्द्रीय समितिमा भने त्यसो होला जस्तो छैन।"[२३] बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश सभापति पदमा वर्तमान सांसदहरू सभापतिका दाबेदार थिए, तर उनीहरू पराजित भए।[२४]

रास्वपामा एक व्यक्ति एक पदबारे स्पष्ट कुनै बाध्यकारी नीति छैन। तैपनि जिल्ला र प्रदेश अधिवेशन अगाडि जेठ २१ मा रास्वपाले आन्तरिक परिपत्र जारी गर्दै सांसदहरूलाई जिल्ला र प्रदेश तहको जिम्मेवार नेतृत्वमा नजान भनेको थियो ।[२५] यद्यपि यो परिपत्रको अवज्ञा गर्दै प्रदेश अधिवेशनमा उम्मेदवार बनेका सांसदहरूले सफलता हासिल गर्न सकेनन्। पर्सा जिल्लामा निर्वाचन क्षेत्र नं. १ र २ का सांसद नै सभापति पदमा लडेका थिए। क्षेत्र नं. १ का बुद्धिप्रसाद पन्त (हरि) निर्वाचित पनि भए।

राष्ट्रिय महाधिवेशनमा यसबारे एकआपस वा स-साना समूहमा कुराकानी भए पनि मूर्त र बृहत छलफल भने हुन सकेन। बरु केन्द्रीय सदस्यमा सांसदहरू नै उल्लेख्य सङ्ख्यामा निर्वाचित भए।

रवि लामिछाने सभापतिमा र स्वर्णिम वाग्ले खुलातर्फ उपसभापतिमा सर्वसम्मत चुनिए। वरिष्ठ नेतामा बालेन्द्र शाह मनोनित हुने कुरा निश्चित नै जस्तो थियो ।[२६] महाधिवेशनबाट चुनिने

---

[२२] लाइभ न्यूज रफ्तार। २०८३। रास्वपा अधिवेशन विवादित : सरिन तामाङले लगाए चिट चोरी र गुटबन्दीको आरोप। जेठ २८। https://www.facebook.com/watch/?v=2167893360634539 मा उपलब्ध; असार ३०, २०८३ मा हेरिएको।

[२३] अक्षर काकासँग असार ८, २०८३ मा गरिएको कुराकानी।

[२४] अनलाइखबर । २०८३ । रास्वपाको प्रदेश सभापतिमा चार सांसद पराजित । असार २ । https://www.onlinekhabar.com/2026/06/1955355/three-mps-defeated-in-the-rsvp-provincial-presidency-race मा उपलब्ध; असार ३०, २०८३ मा हेरिएको।

[२५] महरा, जयसिंह । २०८३ । रास्वपा प्रदेश अधिवेशन : पार्टी नीति अस्वीकार गरी सभापति लडेका चार सांसद पराजित । *कान्तिपुर*, असार २ । https://ekantipur.com/news/2026/06/16/rsp-provincial-convention-four-mps-who-contested-for-presidency-despite-rejecting-party-policy-defeated-01-06.html मा उपलब्ध; असार ३०, २०८३ मा हेरिएको।

[२६] रास्वपाको साउन १३, २०८३ को केन्द्रीय समितिको बैठकले बालेन्द्र शाहलाई औपचारिक रूपमा वरिष्ठ नेतामा मनोनयन गरेको छ। हेर्नुहोस् रास्वपाको प्रेसविज्ञप्ति : https://rspnepal.org/news/press-2083-04-13 मा उपलब्ध; साउन १५, २०८३ मा हेरिएको।

सात पदाधिकारीका लागि ३३ जनाले उम्मेदवारी दिएका थिए। महामन्त्रीमा ११ जनाको उम्मेदवारी परेको थियो। तीमध्ये छ जनाले उम्मेदवारी फिर्ता लिएपछि पाँचजना प्रतिस्पर्धामा थिए।[२७] तीमध्ये विपिनकुमार आचार्यले ६७३ मत ल्याई विजयी भए। महिला उपसभापतिमा ७८९ मत प्राप्त गरी सोबिता गौतमले तोसिमा कार्कीलाई पराजित गरिन्। त्यस्तै, खुलातर्फ दुई सहमहामन्त्रीका लागि ११ जनाले उम्मेदवारी दिएका थिए। तीमध्ये असिम शाह र हरि ढकालले ४७२ र ४१० मत ल्याएर अन्य प्रतिस्पर्धीलाई पराजित गरे। महिला सहमहामन्त्री पदका पाँच उम्मेदवारमध्ये निशा डाँगीले ७३६ मत ल्याई विजयी बनिन्।

पदाधिकारीका लागि ५३ जनाले प्रवासबाटै मोबाइल एपमार्फत र १,२८८ जनाले महाधिवेशन स्थलमा इलेक्ट्रोनिक भोटिङ मेसिनबाट मत हाले। ३,८४९ प्रतिनिधिमध्ये १,३४१ जना अर्थात् करिब एक तिहाइले मात्र पदाधिकारीमा मतदान गरेका थिए।[२८] त्यसैले पदाधिकारी निर्वाचनको वैधतामाथि पनि प्रश्न उठेको थियो। निर्वाचित केन्द्रीय सदस्य नै पदाधिकारीमा उम्मेदवार हुने भएकाले यसलाई वैधताको कसीमा राख्न नहुने महामन्त्रीका उम्मेदवार गणेश कार्कीले बताए।[२९] उनका अनुसार तिनै प्रतिनिधिले मत हालेर केन्द्रीय सदस्य भएपछि मात्रै पदाधिकारीमा उम्मेदवारी दिन पाइने भएकाले फेरि उही प्रतिनिधिहरूले पदाधिकारीमा मत नदिए पनि त्यसले वैधतामा कुनै अर्थ राख्दैन। विधानको भाग ६ केन्द्रीय तह (महाधिवेशन, समिति तथा सचिवालय) सम्बन्धी व्यवस्थामा दफा २२ को ८ (ख) मा स्पष्ट रूपमा सम्पूर्ण महाधिवेशन प्रतिनिधिको प्रत्यक्ष मतदानबाट पदाधिकारी निर्वाचित हुने भनिएको छ। विधानको यो व्यवस्था र कार्कीको भनाइ मेल खाँदैनन्।

## ३.४ रास्वपामा समावेशी ढाँचा

रास्वपाको विधान (२०७९) र चौथो संशोधनसहितको विधान (२०८३) बीच समावेशितासम्बन्धी व्यवस्थामा उल्लेखनीय अन्तर छ। पुरानो विधान (२०७९) ले

---

[२७] अन्तिम समयमा उम्मेदवारी फिर्ता लिएका कारण रन्जु दर्शनाको नाम भने इलेक्ट्रोनिक भोटिङ मेसिनबाट हट्न सकेन।

[२८] कान्तिपुर। २०८३। रास्वपा महाधिवेशन प्रतिनिधि ४ हजारभन्दा बढी, पदाधिकारी छान्न १,३४१ ले मात्र हाले भोट। असार १२। https://ekantipur.com/politics/2026/06/26/over-4000-delegates-to-rsvp-general-convention-only-1341-voted-to-elect-office-bearers-11-41.html?utm_source=chatgpt.com मा उपलब्ध; असार २३, २०८३ मा हेरिएको।

[२९] कार्कीसँग असार १८, २०८३ मा गरिएको कुराकानी।

समावेशितालाई मुख्यतः सिद्धान्त र सामान्य कोटाका रूपमा राखेको थियो। नयाँ विधान (२०८३) ले त्यसलाई तहगत रूपमा किटानी सिट, गणितीय सूत्र र बाध्यकारी कार्यान्वयन संयन्त्रसहित अपनाएको छ। भाग ३, दफा ७(८) ले दलका सबै समिति, विभाग र निकायमा कम्तीमा ३३ प्रतिशत महिला र ३३ प्रतिशत युवाको अर्थपूर्ण प्रतिनिधित्व तथा सबै वर्ग, क्षेत्र र सीमान्तकृत समुदायको समन्यायिक प्रतिनिधित्व अनिवार्य गरेको छ। दफा २२(४) र (६) ले कोटा नपुगे बढी मत ल्याएका उम्मेदवारलाई समेत विस्थापित गर्न सक्ने, दफा २२(७), २५(६) र २८(५) ले मनोनयनबाट कोटा अनिवार्य पूरा गर्नुपर्ने तथा दफा ३१(४) (ख) र ३३(३) ले महिला वा दलित कोटा पूरा नभए पद रिक्त राख्ने तर अन्यबाट पूर्ति गर्न नपाइने व्यवस्था गरेको छ। यसले २०७९ को घोषणामूलक समावेशितालाई २०८३ मा परिणाम सुनिश्चित गर्ने बाध्यकारी प्रणालीमा रूपान्तरण गरेको पुष्टि गर्छ। यद्यपि, २०७९ मा रहेको ५०%+१ युवा सहभागिताको व्यवस्था २०८३ मा भने ३३ प्रतिशतमा घटेको छ।

प्रथम महाधिवेशनबाट केन्द्रीय सदस्यमा लगभग ५० प्रतिशत महिला निर्वाचित गर्दै रास्वपाले इतिहास रचेको छ।[३०] कुल ३८४ उम्मेदवारमध्ये ८० जना महिला थिए। तीमध्ये ४९ जना विजयी भए। तर पदाधिकारीमा महिला उपसभापति र महिला सहमहामन्त्री गरी दुईजना मात्र निर्वाचित भए। रन्जु दर्शनाले महामन्त्रीको उम्मेदवारी फिर्ता लिएपछि यो पदसहित सर्वसम्मत भएका पदमा महिलाको चर्चा नै भएन। सहमहामन्त्री असिम शाह मुस्लिम समुदायका हुन्। पदाधिकारीमा बाँकी दुई महिलासहित सबै खस आर्य समुदायकै छन्। आदिवासी जनजाति, दलित र अन्य सीमान्तकृत समुदायको प्रतिनिधित्व छैन। हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा पनि राई, लिम्बु समुदायको प्रतिनिधित्व नभएको आलोचनालाई स्वीकार्दै सभापति लामिछानेले माफी मागेका थिए।[३१] तर, महाधिवेशनबाट निर्वाचित पदाधिकारीमा पनि राई, लिम्बु लगायत आदिवासी जनजातिको प्रतिनिधित्व शून्य छ। त्यस्तै दलितको प्रतिनिधित्व पनि शून्य नै छ। नेतृत्वको समावेशितामा

---

[३०] सेतोपाटी। २०८३। रास्वपा केन्द्रीय सदस्यमा झन्डै ५० प्रतिशत महिला निर्वाचित। असार १२। www.setopati.com/politics/392292 मा उपलब्ध; असार २०, २०८३ मा हेरिएको।

[३१] अनलाइनखबर। २०८२। रास्वपामा राई, लिम्बु समुदायको प्रतिनिधित्व नभएको प्रति रविले मागे माफी। चैत्र ४। www.onlinekhabar.com/2026/03/1893217/ravi-apologizes-for-lack-of-representation-of-rai-limbu-communities-in-rsvp मा उपलब्ध; असार २५,२०८३ मा हेरिएको।

देखिएको खाडललाई सभापतिको मनोनयनबाट पूर्ति गर्ने कोसिस रास्वपाले गर्ने यसका नेता बताउँछन् ।[३२]

**तालिका १ : निर्वाचित केन्द्रीय सदस्य (९९ जना)**

| जातीय क्लस्टर | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| खस आर्य | ३२ | २७ | ५९ | ५९.६% |
| आदिवासी जनजाति | ७ | १२ | १९ | १९.२% |
| मधेसी | ६ | ५ | ११ | ११.१% |
| दलित | ३ | ४ | ७ | ७.१% |
| मुस्लिम | २ | १ | ३ | ३.०% |
| **जम्मा** | **५०** | **४९** | **९९** | **१००%** |

*स्रोत : असार ११, २०८३ मा रास्वपा केन्द्रीय निर्वाचन आयोगद्वारा जारी केन्द्रीय सदस्य निर्वाचन परिणाम सूचना ।*

रास्वपाको संशोधित विधान (२०८३) को दफा २२(३) ले ९९ जना केन्द्रीय सदस्यभित्र समन्यायिक समावेशी ३२ सिटमा खस आर्य १०, आदिवासी जनजाति ९, मधेसी ५, दलित ४, थारू २ र मुस्लिम २ को प्रतिनिधित्व हुने गरी व्यवस्था गरेको थियो । खुला ३२ मा पनि २५ जना र सात पदेन केन्द्रीय सदस्यमा ५ जना खस आर्य भएकाले केन्द्रीय समितिमा सदस्यतर्फ पनि खस आर्यकै वर्चस्व छ । यसबाट जातीय समावेशिताको दृष्टिकोणमा रास्वपा अझै अनुदार नै रहेको प्रस्ट हुन्छ । राजनीतिक विश्लेषक तुलानारायण साहका अनुसार सुशासन र भ्रष्टाचारको विरोधको जगमा उभिएको हुनाले दस्तावेजमा जे लेखे पनि रास्वपा समावेशिताभन्दा मेरिटोक्रेसीलाई प्रवर्द्धन गर्ने दल हो ।[३३]

---

[३२] महरा, जयसिंह र राजु चौधरी । २०८३ । उपसभापतिको प्रतिवेदनमा 'कन्फ्युजन' थियो, तर सभापतिबाट आएको विषय नै पार्टीको अन्तिम लाइन हो : विपिन आचार्य । *कान्तिपुर*, असार १४ । https://ekantipur.com/Interview/2026/06/28/there-was-confusion-in-the-vice-presidents-report-but-the-issue-brought-forward-by-the-president-is-the-partys-final-line-bipin-acharya-40-30.html मा उपलब्ध; साउन १३, २०८३ मा हेरिएको ।

[३३] साहसँग असार २१, २०८३ मा गरिएको कुराकानी ।

**तालिका २ : पदाधिकारी (७ जना – सभापति, उपसभापति २, महामन्त्री, सहमहामन्त्री ३)**

| जातीय क्लस्टर | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| खस आर्य | ४ | २ | ६ | ८५.७१% |
| आदिवासी जनजाति | ० | ० | ० | ०% |
| मधेसी | ० | ० | ० | ०% |
| दलित | ० | ० | ० | ०% |
| मुस्लिम | १ | ० | १ | १४.२९% |
| **जम्मा** | **६** | **१** | **७** | **१००%** |

*स्रोत : रास्वपाको वेवसाइट ।*

रास्वपाले पदाधिकारीमा निर्वाचनभन्दा सर्वसम्मति र मनोनयनलाई प्राथमिकता दिएको देखिन्छ। सभापति र उपसभापति सर्वसम्मत भए भने वरिष्ठ नेता मनोनित भए। पदाधिकारीमा पनि १२ जना मनोनयन नै हुने व्यवस्था छ । यसले आन्तरिक लोकतन्त्र र समावेशिताबारे गम्भीर सवाल उठाएको छ। सर्वसम्मतिलाई एकताको रूपमा प्रस्तुत गरिए पनि यसले स्वतन्त्र प्रतिस्पर्धामा रोक लगाउँछ । टीकेप्रथा नभई प्रतिस्पर्धामा विश्वास गर्ने[३४] भनिएको दलले मनोनयनलाई बढी प्राथमिकता दिनुले लोकतान्त्रिक दलको चरित्र झल्काउँदैन।

## ३.५ *समायोजनको चुनौती*

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ अघि विवेकशील साझा पार्टी, लक्ष्मण थारू नेतृत्वको थरुहट आन्दोलनको एक समूह, बालेन्द्र शाह नेतृत्वको समूह आदि रास्वपामा समायोजित भए। त्यसैले यी समूहलाई पनि मनोनयनबाट पदाधिकारीमा समेट्ने व्यवस्था विधान संशोधनमार्फत गरियो।[३५] तर यसरी केही नेताको मात्रै मनोनयन हुन सक्ने भएकाले तल्लो तहका प्रतिनिधि

---

[३४] रास्वपा। २०८३। हामी के गर्दैनौं ? https://rspnepal.org/about/what-we-dont-do मा उपलब्ध; साउन १३, २०८३ मा हेरिएको।

[३५] अनलाइनखबर। २०८३। बालेनका विश्वासपात्रहरूलाई मनोनयनको भर, डेढ दर्जन नेता चुनावी मैदानबाहिर । असार १० । www.onlinekhabar.com/2026/06/1961718/balens-confidants-are-the-focus-of-nominations-one-and-a-half-dozen-leaders-are-out-of-the-election-fray मा उपलब्ध; असार २४, २०८३ मा हेरिएको।

भने आफ्नो भूमिकाबारे अलमलमा थिए। तीबाहेक नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा (माओवादी केन्द्र) जस्ता राजनीतिक दलबाट आएका नेता कार्यकर्ताको समायोजनको सकस पनि महाधिवेशन स्थलमा देखिन्थ्यो। यो चुनौतीलाई सभापति लामिछानेको राजनीतिक प्रतिवेदन तथा दलका अन्य औपचारिक वक्तव्यमा सम्बोधन गरिएको थिएन।

थरुहट आन्दोलनको पृष्ठभूमिबाट रास्वपामा आएको समूह र तत्कालीन विवेकशील साझा पार्टीको समूह दुवैको तुलनामा प्रधानमन्त्री बालेन्द्र शाहको प्रभाव स्वभावतः बढी हुन्छ। यसले निर्णय प्रक्रियामा पार्न सक्ने प्रभाव दलको शक्ति संरचनामा मात्र सीमित रहने छैन, आगामी निर्वाचनको टिकट वितरणसम्म पनि यसले असर पार्ने देखिन्छ। मनोनयन प्रक्रियाको पारदर्शिता रास्वपाले कसरी सुनिश्चित गर्ने हो, त्यो आगामी दिनले तय गर्नेछ।

केन्द्रीय समितिमा बाँकी मनोनयन कसरी हुने भन्ने अलमल भइरहेकै बेला यी तीन समूहबाट पदाधिकारीमा धेरैले दाबी गरेको देखियो। बालेन्द्र शाह समूहबाट सुनिल लम्सालले उपसभापति र भूपदेव शाहले महामन्त्रीमा दाबी गरे पनि 'भागबन्डा' नमिल्दा पदाधिकारी र केन्द्रीय सदस्य मनोनयनमा अलमल देखियो।[३६] अन्य दलबाट आएका नेताहरूको दलमा स्थान के हुने हो भन्ने चर्चा महाधिवेशन स्थलमा व्यापक थियो। नेपाली काँग्रेसबाट रास्वपा आएका नेता खगेन्द्र सुनारले साथीहरूले यसबारे चासो राखेको बताएका थिए।[३७]

---

[३६] महरा, जयसिंह। २०८३। 'भागबन्डा' नमिल्दा रास्वपामा पदाधिकारी र सदस्य मनोनयनमा अलमल। *कान्तिपुर*, असार २३। https://ekantipur.com/politics/2026/07/07/confusion-in-nomination-of-office-bearers-and-members-in-rsp-due-to-partitioning-disagreement-08-59.html मा उपलब्ध; असार २५, २०८३ मा हेरिएको।

[३७] सुनारसँग असार ९, २०८३ मा गरिएको कुराकानी।

# ४. नीतिगत बहस र आत्मसमीक्षा

रास्वपाले प्रथम राष्ट्रिय महाधिवेशनमा तीन वटा दस्तावेज प्रस्तुत गऱ्यो। प्रतिनिधि विवादका कारण एक दिन ढिलो सुरु भएको बन्द सत्रमा महामन्त्री कविन्द्र बुर्लाकोटीको सङ्गठनात्मक प्रतिवेदन, उपसभापति स्वर्णिम वाग्लेको अर्थ राजनीतिक प्रस्तावना र सभापति रवि लामिछानेको राजनीतिक प्रतिवेदन तथा प्रस्तावना पेश गरिएको थियो। अबका वर्षमा रास्वपा र त्यसको सरकारलाई जाँच्ने कसी भएका हुनाले यी दस्तावेजका मुख्य दाबीको छोटो विश्लेषण यहाँ गरिएको छ।

## *४.१ संवैधानिक समाजवादबाट सामाजिक लोकतन्त्रसम्म*

स्थापनाका बेला संवैधानिक समाजवादलाई सिद्धान्त बनाएको रास्वपाले यसपटक सामाजिक लोकतन्त्रलाई मूल वैचारिकी घोषणा गर्दै संवैधानिक समाजवाद त्याग्नुका तीन कारण दिएको छ : १) देशको संविधान र दलको सिद्धान्त अलग विषय हुन्; २) संविधानमा समाजवाद लेखिएकै भरमा समाजवादमा पुगिन्छ भन्ने प्रस्ट छैन; र ३) संविधान समय-समयमा संशोधन हुने सम्झौताको दस्तावेज भएकाले त्यसैलाई 'वाद' मान्न मिल्दैन। विश्लेषक तुलानारायण साह यसलाई नै रास्वपाको 'मेजर डिपार्चर' मान्छन् ।[३८] "पहिला एउटा कुनै वाद भन्दिऊँ न भनेर संवैधानिक समाजवाद भनेका थिए जसबारे उनीहरूले कहिल्यै व्याख्या गरेनन्। यसपटक अलि प्रस्टसँग सामाजिक लोकतन्त्र भनेका छन् जसमा बजार र राज्यबीचको सम्बन्ध केलाएका छन्", उनी थप्छन्। विश्लेषक सुचेता प्याकुरेल भने दस्तावेजको दाबीमाथि नै प्रश्न गर्छिन्। रास्वपाकै सरकारले निजी क्षेत्रलाई कच्चा पदार्थमा ठूलो छुट दिने तर आमजनतालाई शिक्षा-स्वास्थ्यमा समेत कर थोपर्ने व्यवहारले दस्तावेज र व्यवहारमा तादात्म्य नरहेको उनको तर्क छ।[३९]

---

[३८] साहसँग असार २१, २०८३ मा गरिएको कुराकानी।

[३९] प्याकुरेलसँग असार २५, २०८३ मा गरिएको कुराकानी।

अर्थनीतिमा वाग्लेको प्रस्तावनाले सामाजिक लोकतन्त्रको आर्थिक पक्षलाई सामाजिक बजार अर्थतन्त्रका रूपमा प्रस्ट्याउँदै दीर्घकालीन समृद्धिको स्रोत निजी लगानी भएको स्वीकार्छ। तर राज्यले बलियो नियमनकारी भूमिका नखेल्ने हो भने बजारमुखी अर्थतन्त्रमा विकृति आउने यसले सङ्केत गर्छ। यद्यपि अर्थमन्त्री वाग्ले नै भएको रास्वपा सरकारले हेटौंडा कपडा उद्योग सञ्चालनको तयारी गर्दैछ।[४०] साथै, नेपालको अर्थतन्त्रलाई 'रेन्ट सिकिङ' बाट मूल्य सिर्जनामा रूपान्तरण गर्ने लक्ष्य राख्छ। दुवै दस्तावेजले राज्यले परिणाममा होइन, अवसरमा समानता सुनिश्चित गर्ने र वितरणमुखी लोकरिझ्याइँको विरोध गर्नेमा समान धारणा राख्छन्। यसबाट रास्वपाको सामाजिक लोकतन्त्रले वितरणभन्दा उत्पादकत्वमा बढी जोड दिएको बुझिन्छ, जुन प्याकुरेलका अनुसार शास्त्रीय सामाजिक लोकतन्त्रको 'राज्यमाथि समाजको नियन्त्रण' भन्ने अर्थभन्दा फरक हो।[४१] सामाजिक लोकतन्त्रको अर्थ राज्यलाई समाजले नियन्त्रण गर्ने, जनताको हित केन्द्रमा राख्ने, लोककल्याणकारी नीति र प्रगतिशील कर प्रणाली हो तर रास्वपाको प्राथमिकतामा बजार छ र वर्गको सन्दर्भ उसको बहसबाटै हराएको प्याकुरेलको तर्क छ।

संविधान संशोधनका धारणा दुवै दस्तावेजमा छन्। ती हुन् : स्थिर नेतृत्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी, सांसद मन्त्री बन्न नपाउने प्रणाली, पूर्ण समानुपातिक निर्वाचन, राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाउने र स्थानीय तहको सङ्ख्या एक तिहाइमा झार्दै गैरदलीय बनाउने प्रस्ताव। तर प्रदेश संरचनाबारे भने वाग्ले र लामिछानेको भाषा फरक छ। वाग्लेको प्रस्तावनाले 'प्रदेश सभाको खारेजीसहित सङ्घीयताको पुनर्संरचना' भन्छ[४२] भने लामिछानेको प्रतिवेदनमा 'प्रदेश सभा र प्रदेश सरकारको पुनर्संरचना' भनेर तुलनात्मक रूपमा नरम टिप्पणी राखिएको छ।[४३] तुलानारायण साहका अनुसार वाग्लेले प्रदेशलाई पहिचानको सन्दर्भमा नबुझी खर्च-विकासको दृष्टिले मात्र हेरेका छन्।[४४] सुचेता प्याकुरेल पनि

---

[४०] तिमिल्सिना, नविन। २०८३। हेटौंडा कपडा उद्योग चलाउन प्रधानमन्त्री कार्यालय अग्रसर, थालियो सरसफाइ। *अनलाइन खबर*, असार ५। www.onlinekhabar.com/2026/06/1957652/prime-ministers-office-takes-steps-to-run-hetauda-textile-industry-cleanup-begins मा उपलब्ध; साउन २०, २०८३ मा हेरिएको।

[४१] प्याकुरेलसँग असार २५, २०८३ मा गरिएको कुराकानी।

[४२] स्वर्णिम वाग्लेद्वारा असार ९, २०८३ मा रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनमा प्रस्तुत अर्थराजनीतिक प्रस्तावना।

[४३] रवि लामिछानेद्वारा असार ९, २०८३ मा रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदन तथा प्रस्ताव।

[४४] साहसँग असार २१, २०८३ मा गरिएको कुराकानी।

रास्वपाले सङ्घीयतालाई शक्ति विभाजन नभई केन्द्रले तल दिने र फिर्ता लिन सक्ने बेलायती शैलीको 'डिभोलुसन' का रूपमा मानेको बताउँछिन् ।[४५] सत्तारूढ दलको आधिकारिक दस्तावेजबीचकै यो भाषिक भिन्नताले या त दलभित्र मत नमिलेको वा मधेसलगायत पहिचानका मतदातालाई नचिढ्याउन रणनीतिक अस्पष्टता राखिएको सङ्केत गर्छ । महामन्त्री विपिन आचार्यले सभापति लामिछानेकै राजनीतिक प्रतिवेदन दलको औपचारिक विचार भएको बताएका छन् ।[४६] जनकपुरबाट आफ्नो पहिलो चुनावी भाषणमा वरिष्ठ नेता बालेन्द्र शाहले सङ्घीयतालाई थप मजबुत बनाउने भनेका थिए । अनुसन्धाता सोहन साह भने वाग्ले र लामिछानेले आफ्नो प्रतिवेदनबाट शाहको त्यो वैचारिकीलाई हियाउन खोजेको हुनसक्ने बताउँछन् ।[४७]

महाधिवेशनबाट रास्वपालाई पहिलो पटक पूर्ण वैचारिक तस्बिर प्राप्त भएको छ । तर प्रदेशसम्बन्धी आन्तरिक अस्पष्टता, सामाजिक लोकतन्त्रको घोषणा र सरकारी नीतिबीचको तादात्म्य अझै स्पष्ट छैन । लेखक तथा अभियन्ता जीवन क्षेत्रीका अनुसार रास्वपा अझै दल बन्ने क्रममै छ र दल पनि व्यक्तिझैँ समयसँगै परिपक्व हुँदै जाने भएकाले केही समय पर्खनुपर्छ ।[४८] दलको वास्तविक परीक्षा दस्तावेज लेखनमा नभई तिनको कार्यान्वयनमा हुने भएकाले रास्वपाका आगामी कदमले नै उसको नियत प्रस्ट पार्नेछ ।

## *४.२ सङ्गठनात्मक आत्मसमीक्षा*

राजनीतिक प्रतिवेदनले दल अझै "राजनीतिक अभियानबाट संस्थागत दलमा रूपान्तरण भइरहेको सङ्क्रमणकालमै" रहेको स्वीकार्दै दलभित्र नयाँ र पुरानाका नाममा खेल्ने प्रवृत्ति, गुटगत मानसिकता, समूहगत संरक्षणवाद र सङ्गठन विधिभन्दा व्यक्तिमा निर्भर हुने जोखिम रहेको लेखेको छ । समाधानका रूपमा प्रतिवेदनले 'पूर्व समूह' भन्ने संस्कारको अन्त्य,

---

[४५] प्याकुरेलसँग असार २५, २०८३ मा गरिएको कुराकानी ।

[४६] महरा, जयसिंह र राजु चौधरी । २०८३ । उपसभापतिको प्रतिवेदनमा 'कन्फ्युजन' थियो, तर सभापतिबाट आएको विषय नै पार्टीको अन्तिम लाइन हो : विपिन आचार्य । *कान्तिपुर*, असार १४ । https://ekantipur.com/Interview/2026/06/28/there-was-confusion-in-the-vice-presidents-report-but-the-issue-brought-forward-by-the-president-is-the-partys-final-line-bipin-acharya-40-30.html मा उपलब्ध; साउन १३, २०८३ मा हेरिएको ।

[४७] साउन ५, २०८३ मा डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल र मार्टिन चौतारीद्वारा आयोजित प्रत्यक्ष अवलोकनमा रास्वपा प्रथम महाधिवेशन विषयक डेमोक्रेसी डायलगका क्रममा साहद्वारा व्यक्त विचार ।

[४८] क्षेत्रीसँग असार ७, २०८३ मा भएको कुराकानी ।

योग्यतामा आधारित खुला नेतृत्व चयन, नेतृत्व विकासका लागि लिडरसिप एकेडेमी र सदस्यलाई उत्पादन तथा उद्यमसँग जोड्ने अभियान प्रस्ताव गरेको छ । सङ्गठनात्मक प्रतिवेदनले पनि पाँच लाखभन्दा बढी सदस्य र करिब ५० लाख समर्थकको "विश्वासको सामाजिक संरचना" बनेको दाबी गर्दै १७.२ प्रतिशतमात्र महिला सदस्य हुँदा त्यो संरचना पूर्ण रूपमा सन्तुलित र समान नभएको यथार्थ स्वीकारेको छ ।[४९] साथै प्रतिवेदनले यसलाई सङ्गठनात्मक चुनौती मानेको छ ।

साङ्गठनिक प्रतिवेदनमा दलमा आबद्धमध्ये ६० प्रतिशत युवा हुनुलाई दलप्रति युवाको विश्वास मानी उच्च महत्त्वका साथ राखिएको छ । विधान (२०७९) ले केन्द्रीय समिति र प्रदेश समितिमा ५०%+१ युवा हुने व्यवस्था गरेको थियो भने विधान (२०८३) ले भने सम्पूर्ण तहको समिति, विभाग र निकायमा युवा सहभागिता ३३ प्रतिशत हुने व्यवस्था गरेको छ ।[५०] यसबाट रास्वपाले युवालाई सबै तहबाट समेट्ने प्रयास गरेको प्रस्ट हुन्छ ।

महामन्त्री कविन्द्र बुर्लाकोटीको प्रतिवेदनमा ५,२३,४६५ मध्ये ३५,२५७ सदस्य १८ वर्षमुनिका भएको खुलेपछि संविधानको धारा ३९ (बालबालिका हक) उल्लङ्घन भएको भनी रास्वपाको आलोचना भयो ।[५१] यद्यपि दलका तर्फबाट नवनिर्वाचित महामन्त्री विपिन आचार्यले जारी गरेको वक्तव्यमा प्राविधिक त्रुटिका कारण अन्तिम स्वीकृत नभइसकेका आवेदकसमेत कुल सङ्ख्यामा गनिन पुगेको उल्लेख छ ।[५२]

सत्तासिन दलले आफ्नै महाधिवेशनको मूल दस्तावेजमा आत्मसमीक्षा गर्नुलाई सकारात्मक कदम नै मान्न सकिएला । तर असन्तुलित र असमान अवस्थालाई कसरी सन्तुलित र समान

---

[४९] कविन्द्र बुर्लाकोटीद्वारा असार ९, २०८३ मा रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनमा प्रस्तुत सङ्गठनात्मक प्रतिवेदन, २०८३ ।

[५०] रास्वपा विधान (२०७९) को भाग ७, धारा २३ को २ (च) मा केन्द्रीय समिति र भाग ८, धारा २७ को २ (ङ) मा प्रदेश समितिसम्बन्धी व्यवस्थामा युवाको सहभागिता केन्द्रीय समितिमा कुल १२१ मा ६१ र प्रदेश समितिमा ५०%+१ हुने उल्लेख थियो । विधान (२०८३) को भाग ३ को धारा ७ को उपधारा ८ मा सबै तहका समिति, विभाग र निकायमा युवाको सहभागिता ३३ प्रतिशत हुने उल्लेख छ ।

[५१] महरा, जयसिंह । २०८३ । रास्वपामा १८ वर्षमुनिका ३५ हजार सदस्य : कानून र अन्तर्राष्ट्रिय अभिसन्धि उल्लङ्घन । *कान्तिपुर,* असार १५ । https://ekantipur.com/politics/2026/06/29/35000-members-under-18-in-rsp-violation-of-law-and-international-conventions-34-43.html मा उपलब्ध; साउन २०, २०८३ मा हेरिएको ।

[५२] रास्वपाद्वारा असार १७, २०८३ मा जारी वक्तव्य । https://rspnepal.org/news/press-2083-03-17 मा उपलब्ध; साउन २०, २०८३ मा हेरिएको ।

बनाउने भन्नेबारे भने यो दस्तावेज मौन छ । स्वीकारोक्ति मात्रै आफैँमा सुधार र समाधान होइन । त्यसैले स्वीकारोक्ति सँगसँगै सुधारका लागि गरिनुपर्ने मार्गचित्र पनि आउन सकेको भए आत्मसमीक्षाको उपादेयता अझ सार्थक हुने थियो ।

### *४.३ आन्तरिक लोकतन्त्रको सङ्कट*

पुराना दलहरूको अलोकतान्त्रिक र सिन्डिकेट शैलीको विकल्प बन्ने उद्देश्यसहित उदाएको रास्वपाले पहिलो महाधिवेशनमा जनअपेक्षाअनुरूप आन्तरिक लोकतन्त्र प्रदर्शन गर्न भने सकेन । महाधिवेशन प्रक्रियाले नयाँ दल पनि अन्ततः कसरी केन्द्रीकृत नियन्त्रण र प्रक्रियागत अपारदर्शिताको दुश्चक्रमा फस्छ भन्ने उजागर गरेको छ । विशेष गरी प्रतिनिधि छनोटमा मधेस प्रदेश लगायतका क्षेत्रमा देखिएको विवाद, जिल्ला अधिवेशन नै नगरी प्रतिनिधि चयन र मतदान प्रक्रियामा प्रयुक्त इलेक्ट्रोनिक भोटिङ मेसिनमा उम्मेदवारको नामावली क्रम विवादजस्ता अपारदर्शी क्रियाकलाप सतहमा देखिए ।

दोस्रो गम्भीर पाटो भनेको वैचारिक बहस र विमर्शप्रति चरम उदासीनता हो । डीआरसीएनका अनुसन्धाताले महाधिवेशन स्थलमै कुराकानी गरेका प्रतिनिधिहरूले नीतिमा भन्दा दलमा आफ्नो भूमिका के हुने भन्नेमा बढी चासो राखेको स्पष्ट देखिन्थ्यो । बन्द सत्र केवल प्रक्रिया पूरा गर्नमा सीमित देखियो । प्रस्तुत गरिएका प्रतिवेदनमाथि प्रतिनिधिलाई गहन अध्ययन गर्न, फरक मत राख्न वा आफ्ना धारणा प्रस्तुत गर्न समय नै दिइएन । प्रतिवेदन वाचन सकिनासाथ ताली बजाएर पास गर्ने हतारोले नेतृत्व वर्गमा नीतिगत आलोचना र भुइँ तहका प्रतिनिधिको स्वतन्त्र विवेक सुन्ने चासो नभएको देखियो । यसले दललाई विधि र विचारभन्दा पनि 'लोकप्रियतावाद' र 'नेतृत्वको देवत्वकरण' को बलमा मात्र अगाडि बढाउने जोखिम निम्त्याएको छ जसका लागि रास्वपा आफ्नो स्थापनाकालदेखि नै आलोचित छ ।

सबैभन्दा विरोधाभासपूर्ण दृश्य त विधान संशोधनमार्फत सभापतिलाई दिइएको असीमित शक्तिमा देखिन्छ जसबारे खण्ड ५.२ मा चर्चा गरिएको छ । पुरानै दलहरूको सत्ता र शक्तिको केन्द्रीकरणको रोग रास्वपामा पनि सरे जस्तो देखिन्छ । विधि, प्रविधि र युवा पुस्ताको वकालत गर्ने दलले आफ्नै आन्तरिक संरचनामा पारदर्शी प्रतिस्पर्धा, पर्याप्त वैचारिक बहस र विकेन्द्रीकृत नेतृत्व प्रणाली लागू गर्न सकेन । यसले दललाई 'विकल्प' भन्दा पनि पुराना दलहरूकै अर्को संस्करण बनाउने खतरा बढाएको छ ।

## ५. विधानमा के छ ?

प्रथम राष्ट्रिय महाधिवेशनको सबैभन्दा स्थायी उपलब्धि विधानको चौथो संशोधन हो । संशोधित विधानमा रास्वपा विचार, साङ्गठनिक संरचना र समावेशिताबारे थप प्रस्ट भएको देखिन्छ । तर, स्थापनाकालमा आफूलाई पुराना दलभन्दा भिन्न स्थापित गर्न उसले राखेका केही व्यवस्था भने हटाएको छ । दल सञ्चालनका आधारस्तम्भ भनेर परिवारवाद निषेध, प्रारम्भिक निर्वाचन, प्रत्याह्वान (राइट टु रिकल), डिजिटल सहभागिता र स्वार्थ-द्वन्द्व निषेधजस्ता सिद्धान्तको छुट्टै दफा पनि संशोधित विधानमा थपिएको छ ।

त्यस्तै दलको संरचनात्मक स्वरूप पनि फेरेको छ जसबारे निर्वाचन प्रक्रिया र परिणाम खण्डमा चर्चा गरिएको छ । पदाधिकारीमा प्रत्यक्ष निर्वाचन भित्रिएको छ तर मनोनित पदाधिकारीको सङ्ख्या निर्वाचितभन्दा बढी छ । पदाधिकारीजस्तो कार्यकारी पदमा निर्वाचित हुने बाटो खुम्च्याई पुराना दलहरूकै जस्तो दल प्रमुखको तजबिजी निर्णय हाबी हुने सिलसिला संस्थागत हुने खतरा रास्वपामा पनि देखिएको छ । यो रास्वपाको आफ्नै वेवसाइटमा ‘हामी के गर्दैनौं ?’ को बुँदा नं. ३ को व्यवस्था ‘प्रतिस्पर्धा, योग्यता र क्षमतालाई नजर अन्दाज गरी ‘टीका’ लगाउने काम गर्दैनौं’ को अभिप्रायविपरीत छ ।

### *५.१ खुम्चियो साधारण सदस्यको अधिकार*

रास्वपा विधान (२०७९) ले प्रारम्भिक र साधारण गरी दुई प्रकारका सदस्यको व्यवस्था गरेको थियो र आन्तरिक निर्वाचनको अधिकार साधारण सदस्यलाई थियो । संशोधित विधान (२०८३) ले सदस्यता तहगत बनाएको छ; कम्तीमा छ महिनाको अवधि, दल प्रशिक्षण, स्वयंसेवी योगदान र नियमित लेबीको मापदण्ड पूरा गरेर साधारण सदस्य सक्रिय सदस्यमा स्तरोन्नति हुन्छन्, र आन्तरिक निर्वाचनमा मतदान गर्न, उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन पाउँछन् । कुनै पनि पद (दलभित्रकै कार्यकारी वा जनप्रतिनिधि बन्ने सार्वजनिक) मा उम्मेदवार बन्ने अधिकार सक्रिय सदस्यलाई मात्र हुन्छ । एकमुष्ट विशिष्ट आर्थिक योगदान वा लामो सक्रियताका आधारमा दिइने आजीवन सदस्यताको नयाँ तह पनि थपिएको छ ।

विधान (२०७९) को सबैभन्दा उदार पक्ष सदस्यलाई दिइएको प्रत्यक्ष अधिकार थियो। संसदीय दलको नेता (अर्थात् दलको प्रधानमन्त्री वा मुख्यमन्त्रीको उम्मेदवार) सबै साधारण सदस्यको मतबाट चुनिन्थे र साधारण सदस्यकै बहुमतले फिर्ता बोलाउन सक्ने व्यवस्था थियो। निर्वाचित जनप्रतिनिधिलाई सम्बन्धित क्षेत्रका साधारण सदस्यले फिर्ता बोलाउन पाउँथे; र धारा ८४ ले दलको जुनसुकै तहको निर्णय सम्बन्धित सदस्यहरूको बहुमतले खारेज गर्न सक्ने 'सदस्यमा सार्वभौमिकता निहित' हुने व्यवस्था गरेको थियो। नयाँ विधानले यी तीनै संयन्त्रको स्वरूप फेरेको छ। संसदीय दलको नेता अब निर्वाचित सांसदहरूको मतबाट मात्र चुनिन्छन्। जनप्रतिनिधि फिर्ता बोलाउने प्रक्रिया सक्रिय सदस्यको निश्चित प्रतिशतको उजुरीबाट सुरु भए पनि अन्तिम निर्णय केन्द्रीय समितिको दुई तिहाइले गर्छ। तहगत निर्णय सदस्यको बहुमतले उल्ट्याउन सक्ने कुनै कार्यकारी व्यवस्था नयाँ विधानमा छैन। रोचक के छ भने विधानकै अपरिवर्तनीय व्यवस्थाको सूचीमा 'पार्टी सदस्यहरूमा निहित सार्वभौमसत्ता' जोगाइराख्नुपर्ने भनी लेखिएको छ, तर त्यसलाई व्यवहारमा उतार्ने संयन्त्र भने हटाइएको छ।

## *५.२ अधिकारको केन्द्रमा सभापति*

पुराना राजनीतिक दलभन्दा फरक 'डिजिटल र चुस्त' संरचनामा जान खोजेको देखिए पनि रास्वपा शक्ति सन्तुलनको हिसाबले सभापति-केन्द्रित देखिन्छ। नयाँ विधानको भाग ६ र भाग १३ ले साङ्गठनिक संरचनामा मनोनयनको हिस्सा बढाएका छन्। केन्द्रीय समितिमा ५१ सदस्यहरू सभापतिले मनोनित गर्ने व्यवस्था छ। झन्डै एक-तिहाइ (३३%) हिस्सा सिधै सभापतिको मनोनयनबाट आउने हुनाले केन्द्रीय समितिभित्र सभापतिको राजनीतिक बहुमत वा पकड सधैँ बलियो रहने देखिन्छ। निर्वाचनबाट छुटेका विज्ञ, युवा र समावेशी क्लस्टर (महिला, दलित, जनजाति) समेट्न यो व्यवस्था ल्याइएको भनिए पनि यसले सभापतिलाई आफ्नो अनुकूलको समूह निर्माण गर्ने मौका दिएको छ।

विधानमा सभापतिबाहेक अन्य पदाधिकारीहरू (वरिष्ठ नेता, उपसभापति, महामन्त्री, सहमहामन्त्री आदि) को चयन महाधिवेशनबाट नभई सभापतिको प्रस्ताव र सिफारिसका आधारमा केन्द्रीय समितिले अनुमोदन वा मनोनयन गर्ने व्यवस्था छ। मनोनित पदाधिकारी बन्नका लागि पहिले केन्द्रीय सदस्य हुनु अनिवार्य छ, जसमा सभापतिले नै नाम अगाडि सार्नुपर्छ। महामन्त्री वा उपसभापतिहरू सभापतिको प्रत्यक्ष इच्छा र प्रस्तावमा पदमा पुग्ने हुनाले उनीहरू सभापतिप्रति उत्तरदायी हुन बाध्य हुन्छन्, जसले गर्दा दलभित्र आन्तरिक असहमति वा फरक विचार समूह निर्माण गर्ने ठाउँ निकै साँघुरो हुन्छ।

### ‘आलङ्कारिक’ वरिष्ठ नेता

बालेन्द्र शाह र रवि लामिछानेबीच पुस १३, २०८२ मा सम्झौता भएपछि शाहका लागि वरिष्ठ नेताको पद सिर्जना गरियो । वरियतामा लामिछानेपछि दोस्रो तर कार्यकारी कुनै जिम्मेवारी नहुने यो पदलाई रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनले वैधानिक मान्यता दियो । बालेन्द्र शाह वरिष्ठ नेता हुने भएपछि यो पदको पनि व्यापक चर्चा भयो । यद्यपि विधानतः यो पद आलङ्कारिक हो ।

विधानको भाग ६, धारा २२ को उपधारा ८ (क) ले पदाधिकारी सङ्ख्या १८ किटान गरेको छ । पदाधिकारीमा सभापतिसहित उपसभापति ३, महामन्त्री २, सहमहामन्त्री ५, प्रवक्ता १, सहप्रवक्ता ३, कोषाध्यक्ष १ र सहकोषाध्यक्ष २ जना हुने व्यवस्था छ । तीमध्ये सभापतिसहित उपसभापति १ खुला र १ महिला, महामन्त्री १, सहमहामन्त्री ३ मध्ये २ खुला र १ महिला निर्वाचित हुनेछन् भने बाँकी ११ पदाधिकारी मनोनयनबाट आउनेछन् ।

धारा २२ कै उपधारा ८ (ग) मा मनोनित पदाधिकारीमा १ उपसभापति, १ महामन्त्री, २ सहमहामन्त्री, १ प्रवक्ता र ३ सहप्रवक्ता, १ कोषाध्यक्ष र २ कोषाध्यक्षको मनोनयन गरी कुल १८ जना पदाधिकारी हुने व्यवस्था छ । वरिष्ठ नेतासम्बन्धी व्यवस्था एकैपटक धारा २२ को उपधारा ११ को दलका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारको (ञ) मा गरिएको छ । एकै ठाउँमा मनोनयन, वरियता र काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ ।

वरियतामा सभापतिपछि दोस्रो स्थान दिइए पनि काम, कर्तव्य र अधिकारमा सुझाव दिने, सन्तुलनकारी भूमिका निर्वाह गर्ने र केन्द्रीय समिति तथा पदाधिकारी बैठकले तोकेको जिम्मेवारी निर्वाह गर्ने भन्ने अमूर्त व्यवस्था मात्र छ । मनोनयन पनि सभापतिकै प्रस्तावमा हुन्छ । अर्थात् विधानतः वरिष्ठ नेताको पद आलङ्कारिक देखिन्छ । तर, रास्वपाले आफ्नो वेबसाइटमा वरिष्ठ नेतासहितको ‘हाम्रो केन्द्रीय समिति तथा पदाधिकारी’ भनेर उल्लेख गरेको छ । महामन्त्री विपिन आचार्य दलको राजनीतिक यात्रामा उल्लेखनीय योगदान गरेका व्यक्ति मात्रै आउने हुँदा वरिष्ठ नेताले दिने सुझाव निकै महत्त्वपूर्ण हुने बताउँछन् । कार्यकारीले जस्तो दैनन्दिन दलका गतिविधि सञ्चालन नगरे पनि वरिष्ठ नेताले दललाई दिशा निर्देश गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई आलङ्कारिक मात्रै नभनी अर्थपूर्ण पद भनी बुझ्नुपर्ने उनको तर्क छ ।[५३]

[५३] आचार्यसँग साउन २६, २०८३ मा गरिएको कुराकानी ।

नयाँ विधानले आवश्यकता र योगदानका आधारमा दुई वा सोभन्दा बढी 'वरिष्ठ नेता' मनोनित गर्न सक्ने व्यवस्था गरेको छ। यो मनोनयन पनि सभापतिको प्रस्तावमा केन्द्रीय समितिले मात्र गर्न सक्छ। यो व्यवस्थाले बाहिरका प्रभावशाली नेताहरू (जस्तै वर्तमान प्रधानमन्त्री बालेन्द्र शाह वा अन्य) लाई दलमा समायोजन गर्दा मर्यादाक्रम मिलाउन सभापतिलाई नै राजनीतिक लचकता दिएको छ।

नयाँ विधानले सभापतिलाई केवल दलको प्रशासनिक प्रमुख बनाएको छैन, बरु संसदीय दल र सरकारको साँचोसमेत नियन्त्रण गर्न सक्ने गरी शक्तिशाली बनाएको छ। विधानको दफा ६८ (१-ङ) र दफा ११ (क) को ३ बमोजिम यदि संसदीय दलको नेताले सभापतिले दिएको 'नीतिगत मार्गनिर्देशन' पालना नगरेमा संसदीय दलको नेताको पद रिक्त हुने वा सभापतिले हटाउन सक्ने प्रावधान राखिएको छ। यो रास्वपा विधानको सबैभन्दा शक्तिशाली र बहसको विषय बनेको धारा हो। संसदीय व्यवस्थामा सामान्यतया संसदीय दलको नेता संसद्भित्र सर्वोपरि हुन्छ र उसलाई हटाउने अधिकार सम्बन्धित दलका सांसदलाई मात्र हुन्छ। तर रास्वपाको विधानले सभापति संसदीय दलको नेता नभएको अवस्थामा पनि (जस्तै बालेन्द्र शाह संसदीय दलको नेता हुँदा), संसद् र सरकार सञ्चालनमा सभापतिको ह्विप वा मार्गनिर्देशन बाध्यकारी बनाएको छ। निर्देशन उल्लङ्घन गरेमा सभापतिले पदमुक्त गर्न सक्ने व्यवस्थाले प्रधानमन्त्री वा संसदीय दलको नेतालाई सधैँ सभापतिको नियन्त्रणमा राख्छ।

दलको दैनिक कार्यसञ्चालन र द्रुत निर्णय लिन गठन हुने बढीमा ३३ सदस्यीय सचिवालयमा १३ जना पदेन पदाधिकारीबाहेक बाँकी २० सदस्य सभापतिले केन्द्रीय सदस्यबाट आवश्यकताअनुसार तोक्ने व्यवस्था छ। सचिवालय दलको सबैभन्दा शक्तिशाली कार्यकारी अङ्ग हो। यसको बहुमत सदस्य (२० जना) सभापति आफैँले छनोट गर्ने हुनाले सङ्कटको बेला निर्णय लिँदा सभापति अल्पमतमा नपर्ने सम्भावना रहन्छ। विधानको भाग ११ (दफा ३८ र ३९) बमोजिम दलका केन्द्रीय विभागहरू, जसले दलको नीति र एजेन्डा तय गर्छन्, तिनका प्रमुख र सदस्यहरूको नियुक्ति गर्ने र कार्यविभाजन गर्ने एकल अधिकार सभापतिमा निहित छ।

विधानको साङ्गठनिक स्वरूपलाई हेर्दा सभापतिलाई ५१ जना केन्द्रीय सदस्य मनोनयन गर्ने अधिकार, पदाधिकारी प्रस्ताव गर्ने एकाधिकार र संसदीय दलको नेतालाई समेत निर्देशन र पदमुक्त गर्न सक्ने असाधारण अधिकारले दलमा सभापति नै सर्वशक्तिमान् केन्द्र हुन् भन्ने स्पष्ट पार्छ। यसले दलभित्रको निर्णय प्रक्रियालाई छिटो र छरितो त बनाउँछ, तर आन्तरिक लोकतन्त्र र शक्ति सन्तुलनको दृष्टिकोणबाट भने सभापतिमा सत्ता अत्यधिक केन्द्रीकृत गरेको देखिन्छ। यसले रास्वपा पनि अन्य दलझैँ सामूहिकताभन्दा एकल निर्णयको सर्वोच्चतालाई संस्थागत गर्ने अर्को दल हुन पुगेको देखिन्छ।

## ६. निष्कर्ष

रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशनलाई समग्रमा हेर्दा यो दल संस्थागत हुने दिशामा अघि बढेको तर यसले आफ्नै स्थापनाकालीन वाचासँग भने दुरी बढाएको देखिन्छ। २०७९ को प्रतिनिधिसभामा २१ सिटको वैकल्पिक शक्ति बनेको रास्वपा चार वर्षमै बहुमतसहितको सत्तारूढ दल बन्न पुग्यो। यसले महाधिवेशनमार्फत नेतृत्वको वैधता, सामाजिक लोकतन्त्रको वैचारिक पहिचान र चौथो संशोधनसहित परिपक्व विधान प्राप्त गरेको छ। तदर्थ संरचनामा चलिरहेको दलका लागि यी उपलब्धि सामान्य होइनन्। तर महाधिवेशनकै प्रक्रियाले देखाएका केही प्रवृत्तिहरूले यो संस्थागत रूपान्तरण कति लोकतान्त्रिक हुनेछ भन्ने प्रश्नलाई भने अनुत्तरित छाडेका छन्।

महाधिवेशनका उपलब्धि र अन्तर्विरोध सँगसँगै छन्। निर्वाचित ९९ केन्द्रीय सदस्यमा झन्डै ५० प्रतिशत महिला पुऱ्याएर रास्वपाले नेपाली दलीय इतिहासमै नयाँ अभ्यास गरेको छ, तर पदाधिकारीमा महिला दुई जनामा सीमित हुनु, आदिवासी जनजाति, दलित र थारूको उपस्थिति शून्य रहनु र खस आर्यको हिस्सा तीन चौथाइ पुग्नुले समावेशिता विधानमा जति सुन्दर तरिकाले लेखिएको छ, अभ्यासमा त्यो सुन्दरता प्रतिबिम्बित भएको देखिँदैन। त्यसैगरी प्रतिस्पर्धाको वकालत गर्ने दलले निर्वाचित शीर्ष दुई पद (सभापति र खुला उपसभापति) सर्वसम्मतिबाट टुङ्ग्यायो। विधि र प्रविधिसहित आफूलाई स्मार्ट दाबी गर्ने दलको महाधिवेशन प्रतिनिधि विवाद र अस्तव्यस्त कार्यतालिकामा रूमलियो।

सबैभन्दा गम्भीर चुनौती भने संशोधित विधानले संस्थागत गरेको शक्ति सन्तुलन हो। पुराना दलको केन्द्रीकृत नेतृत्व शैलीको विकल्प बन्छु भनेर उदाएको दल आफैँ त्यही शैलीतर्फ ढल्किनु रास्वपाका लागि वैचारिक मात्र होइन, अस्तित्वकै प्रश्न हो, किनभने उसको मुख्य राजनीतिक पुँजी नै 'फरक दल' हुनुको दाबी हो।

समग्रमा, प्रथम राष्ट्रिय महाधिवेशनले रास्वपालाई अभियानबाट दलमा रूपान्तरण हुने वैधानिक जग दिएको छ, तर त्यो जगमाथि लोकतान्त्रिक संस्था ठडिने कि नेतृत्वकेन्द्रित संरचना भन्ने प्रश्न खुला नै छ। महाधिवेशनले जन्माएका अपेक्षा र देखाएका अन्तर्विरोधबीचको यो दुरी कति छिटो र कुन दिशामा साँघुरिन्छ, त्यसैले रास्वपा नेपाली राजनीतिको दिगो विकल्प बन्ने कि पुरानै प्रवृत्तिको नयाँ संस्करणमा सीमित हुने भन्ने निर्धारण गर्नेछ।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।


DEMOCRACY RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**

ललितपुर, नेपाल

फोन : +९७७-१-५९०२२८६

info@democracyresource.org

https://www.democracyresource.org/